रामप्रसादराई गाँउपालिका

# स्थानीय राजपत्र

खण्डः ८ संख्या १ मितिः २०८२/०९/११

**भाग- १**

रामप्रसादराई गाँउपालिका

## सुरक्षित नागरिक आवास व्यवस्थापन ऐन, २०८२

## प्रस्तावना:

नेपालको संविधानको धारा ३७ मा मौलिक हकको रुपमा आवासको हकको व्यवस्था गरे बमोजिम प्रत्येक नागरिकलाई उपयुक्त, सुरक्षित र वातावरणमैत्री आवासको व्यवस्था गर्नु सरकारको अनिवार्य दायित्य भएको देखिन्छ र यसैको पृष्ठभूमिमा नेपाल सरकार अन्तर्गत सहरी विकास मन्त्रालयले सुरक्षित नागरिक आवास कार्यक्रम देशभर सञ्चालन गर्दै आएकोमा यस गाउँपालिकामा पनि सोहि बमोजिम नियमानुसार सो कार्यक्रम सञ्चालन गर्नको लागि यस गाउँ कार्यपालिकाको कार्यालय र गाउँपालिकाबासी लाभग्राहीहरु बिच दुईपक्ष सम्झौता गई सम्झौता बमोजिम केहि लाभग्राहीहरुले जस्तापाता फेर्ने कार्यक्रम समेत सम्पन भईसकेको तर भुक्तानी नपाएको साथै बजेट अभावको कारण केहि लाभग्राहीहरुले सम्झौता बमोजिमको काम समेत गर्न सुरु नगरेको सन्दर्भमा सम्झौता बमोजिम भुक्तानी गर्नुपर्ने रकम सम्बन्धित मन्त्रालयबाट बजेट नपठाएर गाउँपालिका भित्रको गरिब निमुखा वर्गका लाभग्राहीहरुलाई गम्भिर रुपमा आर्थिक संकट तर्फ फस्नुपर्ने बाध्यकारी अवस्था सृजना भई व्यापक रुपमा जनगुनासो समेत आएको हुदाँ यि सबै किसिमको समस्या समाधानको खातिर सम्झौता बमोजिम कार्यसम्पन भएको र सम्झौता भई काम गर्न बाँकी रहेको ऐ. कार्यक्रमको रकम पछि मन्त्रालयबाट स्रोत सुनिश्चित गरी विनियोजन भएपछि सोधभर्ना हुने गरी हाललाई यस रामप्रसादराई गाउँपालिकाको गाउँसभाद्वारा बजेट विनियोजन गरी भुक्तानी गर्न वाञ्छनीय भएको हुदाँ स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ (१) बमोजिम गाउँसभाद्वारा यो ऐन बनाएको छ।

## परिच्छेद-१
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ:** (१) यो कार्यविधिको नाम **"सुरक्षित नागरिक आवास व्यवस्थापन ऐन, २०८२"** रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२. **परिभाषा:** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा:-

(क) "आवास" भन्नाले आवासीय प्रयोजनको लागि निर्माण गरिएको भवन, घर, सोको अंश वा यस्तै स्थायी वा अस्थायी आंशिक वा पूर्ण संरचना सम्झनु पर्छ।

(ख) "सुरक्षित नागरिक आवास व्यवस्थापन" भन्नाले नागरिकको भवन, घर, सोको अंश वा यस्तै स्थायी वा अस्थायी आंशिक वा पूर्ण संरचनामा जस्तापाताको प्रबन्ध गर्ने कार्यलाई सम्झनु पर्छ।

श्याम बहादुर राई
अध्यक्ष

(ग) "लाभग्राही" भन्नाले यस गाउँपालिका भित्रको नागरिकहरु जो आफ्नो घरको जस्तापाता फेर्नको लागि यस गाउँपालिकासँग सम्झौता गरी काम सम्पन गरेको र नगरेको दुबै प्रकृतिको व्यक्तिलाई जनाउँछ ।

(घ) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियम वा कार्यविधिमा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।

(ङ) "परिवार" भन्नाले आवास सुविधा प्राप्त गर्ने नागरिकको पति वा पत्नी, छोरा, बुहारी, छोरी, धर्मपुत्र, धर्मपुत्री, बाबु, आमा, सौतेनी आमा, दाजु, भाउजू, भाइ, भाइबुहारी र दिदी, बहिनी सम्झनु पर्छ ।

(च) "मन्त्रालय" भन्नाले नेपाल सरकार अन्तर्गतको शहरी विकास मन्त्रालय सम्झनु पर्छ ।

(छ) "गाउँपालिका" भन्नाले रामप्रसादराई गाउँपालिका सम्झनु पर्छ ।

## परिच्छेद-२

## सुरक्षित नागरिक आवासको व्यवस्थापन

३. **जस्तापाताको प्रबन्ध मिलाउने:** (१) यस गाउँ कार्यपालिकाको कार्यालय र गाउँपालिकाबासी लाभग्राहीहरु बिच सुरक्षित नागरिक आवासको सुनिश्चितताको लागि जस्तापाता फेर्नको लागि दुई पक्ष सम्झौता भए बमोजिम नियमानुसार जस्तापाता फेर्ने कार्य सम्पन गरी यस कार्यालयमा बिल भरपाई सहित भुक्तानीको लागि निवेदन पेश गरेको लाभग्राहीहरुको आवश्यक प्रक्रिया पुरा गरी भुक्तानी गर्ने व्यवस्था मिलाइनेछ।

(२ उपदफा (१) बमोजिम सम्झौता भई सम्झौता बमोजिम जस्तापाता फेर्न बाँकी रहेको लाभग्राहीहरुलाई तोकिएको मापदण्ड भित्र रहि जस्तापाता फेर्ने काम गर्ने गराउने व्यवस्था मिलाई नियमानुसार भुक्तानीको प्रबन्ध मिलाइनेछ ।

(३) उपदफा (१) र (२) बमोजिम सुरक्षित नागरिक आवासको लागि जस्तापाता फेर्ने काम सम्पन गरेको लाभग्राहीहरुले पाउने रकम यस गाउँपालिकाले आवश्यक बजेट विनियोजन गरि भुक्तानी गर्न सक्नेछ ।

श्याम बहादुर राई
अध्यक्ष

(४) सुरक्षित नागरिक आवास सम्बन्धी काम सम्पन्न गर्ने कार्यमा सहजीकरण गर्न आवस्यक देखिएमा समिति तथा उप- समिति गठन गर्न सकिनेछ ।

## परिच्छेद-३

## सोधभर्ना सम्बन्धी व्यवस्था

(४) **सोधभर्ना:** यस ऐनको दफा ३ बमोजिम गाउँपालिकाबाट बजेट विनियोजन गरी भुक्तानी गरेको रकम आगामी वर्षहरुमा मन्त्रालयबाट यस गाउँपालिकामा सुरक्षित नागरिक आवास कार्यक्रमको लागि बजेट विनियोजन भएपछि यस गाउँपालिकाले सोधभर्ना गरी गाउँपालिकाको आन्तरिक राजश्व खातामा सोझै जम्मा गर्न कुनै पनि किसिमको बाधा पर्ने छैन ।

## परिच्छेद-४

## विविध

(५) **असुल उपर गर्न सक्ने:** सुरक्षित नागरिक आवास कार्यक्रम अन्तर्गत जस्तापाता फेर्ने कार्यका लागि यस अगाडी पहिलो किस्ता पेश्की वापातको रकम लगेर काम नगर्ने वा अन्य प्रयोजनमा लगानी गर्ने लाभग्राहीहरुबाट सो रकम असुल उपर गरिनेछ ।

(६) **कार्यविधि तथा निर्देशिका बनाउन सक्ने:** गाउँ कार्यपालिकाले यस ऐनको अधिनमा रही कार्यन्वयन पक्षमा सहजता ल्याउनको लागि आवश्यकता परेको खण्डमा कार्यविधि वा निर्देशिका बनाउन सक्नेछ ।

आज्ञाले,

आङलाक्पा तामाङ

प्रमुख प्रशासकीय अधिकृत